# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल माघ महिना २५ गते बिहीबार)

यस विकास बैंक लि.को शाखा कार्यालय नारायणगढबाट तपशिलमा उल्लेखित ऋणीले व्यापारिक अधिविकर्ष कर्जा शिर्षकमा लिएको कर्जाको सावाँ, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

## तपशिल

| **ऋणीको विवरण** | **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
|---|---|
| नाम : **बस्त्र फेशन स्टोर**<br>प्रोप्राइटरको नाम : रोजिना गौतम<br>प्रा.फ.र.नं. : ९६७/०७६/०७७<br>दर्ता मिति : २०७६/०५/३०<br>स्थायी लेखा नं. : १११११९८४०५<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवन<br>ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ३ | १. नाम : **रोहित श्रेष्ठ**<br>बाबुको नाम : गोविन्द हरी श्रेष्ठ<br>बाजेको नाम : बेख लाल श्रेष्ठ<br>स्थायी ठेगाना : चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. २<br>हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २<br>ना.प्र.नं. : ६४६/०४४<br>जारी मिति र जिल्ला : २०६२/११/१५, चितवन |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | |
| २. नाम : **रोजिना गौतम**<br>बाबुको नाम : किशोर बहादुर गौतम<br>पतिको नाम : रोहित श्रेष्ठ<br>ससुराको नाम : गोविन्द हरी श्रेष्ठ<br>स्थायी ठेगाना : चितवन जिल्ला जगतपुर गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २<br>ना.प्र.नं. : ३५०४९३७९<br>जारी मिति र जिल्ला : २०६६/१२/२३, चितवन | ३. नाम : **पुर्ण माया श्रेष्ठ**<br>पतिको नाम : गोविन्द हरी श्रेष्ठ<br>ससुराको नाम : बेख लाल श्रेष्ठ<br>स्थायी ठेगाना : चितवन जिल्ला नारायणगढ न.पा. वडा नं. ४<br>हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २<br>ना.प्र.नं. : २०७३<br>जारी मिति र जिल्ला : २०४४/०२/२८, चितवन |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१. मिति २०८०/०१/१५ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२. मिति २०८०/०४/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
३. मिति २०८०/०८/२७ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | कि.नं. | क्षेत्रफल (वि.क.धु) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|
| पुर्ण माया श्रेष्ठ | चितवन जिल्ला नारायणगढ वडा नं. ४ख | ६५४ | ०-०-७.७५-० | राम कृष्ण श्रेष्ठ | प्रमोद श्रेष्ठ | पिच बाटो | बालकुमारी श्रेष्ठ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०८०/११/१० गते बिहीबार भित्र यस बैकको शाखा कार्यालय नारायणगढ आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/११/११ गते शुक्रबार अर्थात १६ (सोह्र) औ दिन दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय नारायणगढमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ